HUMAN RIGHTS WATCH

# चीनको छायामा

## नेपालमा तिब्बतीहरूप्रति दुर्व्यवहार

Copyright © 2014 Human Rights Watch
All rights reserved.
Printed in the United States of America
Cover design by Rafael Jimenez

Human Rights Watch defends the rights of people worldwide. We scrupulously investigate abuses, expose the facts widely, and pressure those with power to respect rights and secure justice. Human Rights Watch is an independent, international organization that works as part of a vibrant movement to uphold human dignity and advance the cause of human rights for all.

Human Rights Watch is an international organization with staff in more than 40 countries, and offices in Amsterdam, Beirut, Berlin, Brussels, Chicago, Geneva, Goma, Johannesburg, London, Los Angeles, Moscow, Nairobi, New York, Paris, San Francisco, Sydney, Tokyo, Toronto, Tunis, Washington DC, and Zurich.

For more information, please visit our website: http://www.hrw.org

## सारांश

शरणार्थीहरूसित सम्बन्धित नीतिहरूका बारेमा हाम्रा आफ्नै मान्यताहरू छन्। हाम्रा नीतिहरू भूराजनीतिक संवेदनशीलताबाट निर्देशित छन्।

- उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री नारायणकाजी श्रेष्ठ, सेप्टेम्बर २०१२

गैरकानूनी ढङ्गले सिमाना काटेर आएका तिब्बतीहरू शरणार्थी होइनन्।

- काठमाडौँस्थित चिनियाँ राजदूतावासका प्रवक्ता, मार्च २०१२

मलाई यहाँ सुरक्षित हुन्छु भन्ने लागेको थियो। तर अहिले मलाई लाग्दैछ, हाम्रा बारेमा के गर्ने भन्ने कुरा नेपाललाई चीनले बताउँछ।

- तिब्बती शरणार्थी दोर्जे छिरिङ, काठमाडौँ, मार्च २०१३

तिब्बतीहरूको दशकौँ यताको सबभन्दा ठूलो र व्यापक आन्दोलन, २००८ को तिब्बत बिद्रोह पछि चीन सरकारले चीनका तिब्बती क्षेत्रहरूका आफ्नो नियन्त्रणलाई स्पष्टरूपमा कसिलो पारेको छ। उसले चीनसित लामो सिमाना जोडिएको र उल्लेख्य आकारको तिब्बती समुदाय रहेको नेपाललाई पनि तिब्बतीहरूको आधारभूत अधिकारमा कटौती गर्ने काममा चीनको साझेदार हुन दवाव दिएको छ।

२००८ यता नेपालले चीनसित कैयन सुरक्षा र "सूचना-आदानप्रदान" सम्झौताहरूमा हस्ताक्षर गरेको छ जसमा सीमा सुरक्षा प्रवन्ध सहयोग, तिब्बतीहरूको प्रदर्शनमा आंशिक प्रतिबन्ध, तिब्बती समुदाय, यसका नेता तथा वास्तविक वा शङ्का गरिएका आन्दोलनकारीहरूको विशेष निगरानी तथा दलाई लामाको जन्मदिन, अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (डिसेम्बर १०) तथा उच्च पदस्थ चिनियाँ अधिकारीहरूको भ्रमण जस्ता राजनीतिक हिसाबले संवेदनशील अवसरमा तिब्बतीहरूको बाहुल्य रहेका क्षेत्रहरूमा भयोत्पादक सङ्ख्यामा सशस्त्र प्रहरीको उपस्थिति गराउने जस्ता कुरा पर्दछन्।

यसका परिणामहरू समग्र तिब्बती समुदायमा अनुभव भइरहेको छ। अंशतः यही दवावका कारण तिब्बतीहरूले प्रहरी बलको अत्यधिक प्रयोग, निवारक नजरबन्द, यातना, हिरासतमा रहेका बेला हुने दुर्व्यवहार, बलपूर्वक निगरानी, तथा अस्पष्ट र व्यापक अर्थ लाग्ने सुरक्षा सम्बन्धी कसूरका परिभाषाहरूको सामना गर्नु परिरहेको छ।

चोदाक नामग्याल नामक करीब २५ वर्ष आसपासका एकजना पूर्व भिक्षु जनवरी २००९ मा शरणार्थीका रूपमा नेपाल आइपुगे। आम्दो (कार्जे प्रिफेक्चर, सिचुआ प्रान्त) को तोङ्कोर गुम्बाका पूर्व सदस्य रहेका उनले २००८ अप्रिलमा भएको एउटा भीडन्त पछि कैयन महिना लुकेर बिताए। उक्त भीडन्तमा सुरक्षा बलले तिब्बती प्रदर्शनकारीहरूको एउटा भीडमा गोली बर्षाउँदा करीब एक दर्जन मानिस मारिएका थिए। उक्त प्रदर्शनका कैयन् सहभागी र भिक्षुहरू पक्राउ पर्ने डरले पहाडतिर भागे र महिनौँसम्म कठीन अवस्थामा जीवनयापन गरे। त्यो पलायन फोटो छापिएका पोष्टर टाँस गरेर

खोजी गरिएका फरार व्यक्तिहरूलाई गिरफ्तार गर्ने स्थानीय चिनियाँ प्रशासनको व्यापक र निरन्तरको अभियानबाट जोगिने प्रयास थियो। त्यस्ता व्यक्तिका आफन्तहरूलाई समेत निगरानी गरिएको थियो र उनीहरूका बारेमा जानकारी दिने दवाव दिइएको थियो।

चोदाक र उनका एक साथीले तिब्बत छाड्ने निर्णय गरे। उनीहरू सुरुमा ट्रकका पछाडि चढेर र पछि रातीराती पैदल हिँडेर नेपालको सिमानातिर लागे। जनवरी २००९ मा चीनको ड्राम नजिकै एकजना तिब्बती पथप्रदर्शकले उनीहरूलाई राती सिमाना कटाइदियो। त्यहाँबाट उनीहरू मोटरसाइकल चढेर र पैदल हिँडेर बाटामा पर्ने पुलिस चेकप्वाइन्टहरूलाई छल्दै काठमाडौँ गए। ती दुईजनाले कैयन् सातासम्म काठमाडौँ उपत्यकाको एउटा तिब्बती गुम्बामा शरण लिए, र त्यहाँबाट निस्किनु परेपछि काठमाडौँको एउटा तिब्बती क्षेत्रमा लुकेर बस्न थाले।

> मलाई पक्राउ परिएला र चीनमा फिर्ता पठाइएला भन्ने असाध्य डर लागेको छ। चिनियाँहरूले मेरो फोटोको (वान्टेड) पोष्टर बनाएर कार्जेमा टाँसेका छन् र उनीहरू सधैँभरि हामी अपराधी हौँ भन्छन्। उनीहरू कसैले पनि त्यो गोलीकाण्डका बारेमा साँचो कुरा नगरोस् भन्ने चाहन्छन्, त्यसैले उनीहरू हामीलाई गिरफ्तार गर्ने जे बहाना बनाउन पनि तयार हुन्छन्। म यहाँ (नेपाल) आइपुगे पछि आफू तिब्बतबाट भाग्न सफल भएकोमा एकदमै खुसी भएको थिएँ। मैले आफू सुरक्षित हुन्छु र दलाई लामाका लागि प्रार्थना गर्नसक्छु भन्ने लागेको थियो। तर मलाई अहिले तिब्बतीहरूका लागि नेपाल सुरक्षित छैन

जस्तो लाग्न थालेको छ। प्रहरीहरू निगरानी गरिरहेका छन् र सुराकीहरू पनि धेरै छन्। गुम्बाहरूमा पनि सुराकीहरू भएकाले नै हामीले आफूलाई पहिले बास दिने गुम्बा छाड्नु परेको हो।

यहाँ तिब्बतीहरू सधैँ डरसरी बसेका छन्। मसित कागजपत्र नाममा एकटुक्रा कागजसम्म छैन र मलाई नेपाली बोल्न आउँदैन। म पक्राउ परिहालेँ भने के होला भन्ने डर लागिरहन्छ। कतिसम्म भने, यहाँ (बौद्धनाथ) को एउटा गुम्बामा म एकपटक दलाई लामाका लागि भएको एउटा कार्यक्रममा सरिक थिएँ, हातहतियार सहितका प्रहरी गुम्बाको हातामा नै प्रवेश गरे र को तस्वीर भएको ब्यानर च्याते। मलाई (तिब्बतीहरूका सार्वजनिक) कार्यक्रमहरूमा जान डर लाग्छ तर हाम्रा दाजुभाइ दिदी बहिनीहरू तिब्बतमा छन् र कैयनले आत्मदाह गरिसकेका छन् भने हामी कसरी चूपचाप बस्न सक्छौँ र? शान्तिपूर्ण प्रार्थनामा सामेल भएका कारण मात्र पनि प्रहरीले प्रत्येक पटक केही व्यक्तिहरूलाई पक्राउ गरिरहेको छ। प्रहरीले फोटो खिच्छ र मलाई थाहा छ, त्यो चीनका लागि हो। यहाँ (बौद्धनाथमा) हिजोआज जताततै क्यामेराहरू छन्। ती तस्वीरहरूको प्रयोग केका लागि हुन्छ भन्ने बारेमा हामीलाई के थाहा हुन्छ र? ल्हासामा जताततै क्यामेराहरू छन् र मलाई बौद्धनाथ पनि त्यही दिशातिर अग्रसर भइरहेको अनुभव हुन्छ। चिनियाँ प्रहरी ल्हासामा बसेर हामी यसरी बोलेको हेरिरहेका छन् भन्ने हामी सबैलाई थाहा छ।

काठमाडौँको एउटा टोलमा जन्मेका २४ वर्षीय तिब्बती युवक दोर्जे लुण्डुपले ह्युमन राइट्स वाचलाई बताए अनुसार तिब्बती सार्वजनिक कार्यक्रममा सहभागी भएका कारण २००८ र २००९ का बीचमा उनी धेरै पटक गिरफ्तार भएका छन्। त्यसबेलादेखि नै नेपाली प्रहरीले उनलाई निरन्तर निगरानी गरिरहेको छ र प्रायः कुनै उच्चस्तरीय चिनियाँ प्रतिनिधिको भ्रमण अघि र कुनै तिब्बती सार्वजनिक कार्यक्रम अगाडि उनलाई हिरासतमा लिइन्छ।

> अघिल्लो पटक कुनै चिनियाँ प्रतिनिधिको भ्रमणको अघिल्लो दिन म गिरफ्तार भएँ। मैले केही गरेको थिइँन र पनि प्रहरी मेरा घरमा आयो र मलाई गिरफ्तार गऱ्यो। प्रहरी चौकीमा मलाई लगर्पछि एउटा प्रहरीले भन्यो, "एई, तँ नै समस्याको जरो होस् र तँलाई हामी चीन पठाउँदै छौँ। थाहा छ? तँलाई चीन फिर्ता पठाउन हामीलाई समस्या छैन र त्यसको सुइँको कसैले पनि पाउँदैन।" म यहीँ जन्मेको हुँ र पनि मसित कुनै कागजपत्र छैन। धन्न म राम्रोसित नेपाली बोल्न सक्छु। उनीहरू तिब्बतीहरू लोप होऊन् भन्ने चाहन्छन्। तर के हामीले प्रतिकार नगर्ने हो भने चाहिँ सबै समस्या समाधान हुन्छन् त? हामी तिब्बतीहरूले आफ्ना कुरा भन्न पाएनौँ भने चाहिँ हामी मासिन बेर लाग्दैन।

लामो समयदेखि तिब्बतीहरूले चीनबाट उम्किन, अस्थायी बसोबास गर्न र छोराछोरीलाई देश बाहिर पठाउनका लागि पहिलो गन्तव्यका रूपमा

नेपाललाई रोज्ने भएकाले चीनले नेपाललाई तारो बनाएको छ। हिमालयको बाटो हुँदै नेपाल पस्ने लामो र प्रायः जोखिमपूर्ण पैदल बाटो उत्तर भारतमा रहेको धर्मशाला पुग्ने सबभन्दा सोझो बाटो हो। धर्मशालामा दलाई लामा, निर्वासनमा रहेको तिब्बती सरकार र ८०,००० तिब्बतीहरूको बसोबास छ।

१९५९ मा दलाई लामा भागेर भारत गएपछि नेपाल आएका प्रारम्भिक समूहका तिब्बती शरणार्थीहरूका नातागोता र सन्तान, र त्यस पछि यदाकदा आउने शरणार्थी तथा आप्रवासी तथा भारतबाट आउनेहरू समेत गरेर नेपालमा १५००० देखि २० हजारसम्मको सङ्ख्यामा तिब्बतीहरू रहेका छन्।

१९५९ देखि १९८९ का बीचमा सिमाना पार गरेर आउने तिब्बतीहरूलाई नेपाल सरकारले शरणार्थी मान्यता दिएर दर्ता गर्ने गरेको थियो। १९८९ मा चीनसित कूटनीतिक सहमति भएपछि नेपालका राजाले तिब्बती शरणार्थीहरूलाई नेपालमा स्थायी बसोबास गर्ने अनुमति रोक्का गरिदिए। तर शरणार्थीहरूका लागि राष्ट्रसंघीय उच्चायोग (यूएनएचसीआर) सितको अनौपचारिक र अलिखित सम्झौताका आधारमा नेपालले तिब्बतबाट भारत जाने शरणार्थीहरूलाई "सुरक्षित मार्ग" को अनुमति भने दिई नै रहेको छ।

२००८ को तिब्बत बिद्रोहका बेला र त्यसपछिका कैयन् महिनासम्म काठमाडौँ तिब्बत समर्थक राजनीतिको केन्द्र विन्दु रह्यो, जहाँ दैनिक सडक प्रदर्शन, भेला र राजनीतिक घटनाहरू हुन्थे। चीनको - केही मात्रामा मात्र खुला र सार्वजनिक रूपमा आएको- तीव्र कूटनीतिक दवावका कारण

नेपाल सरकारले तिब्बतीहरूका प्रदशर्नहरूमा रोक लगायो, प्रायः प्रहरी र प्रदर्शनकारीहरू बीच भिडन्त हुन्थ्यो र सार्वजनिक कार्यक्रमको योजना गरेको शङ्का गरिएका तिब्बतीहरूलाई प्रहरीले गिरफ्तार गर्थ्यो। तिब्बतबाट टाढा राखिएका अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले यी भिडन्तहरूलाई महत्व दिएर सामग्री तयार गरे। २००८ मा नेपालमा गरिएको तिब्बती राजनीतिक गतिविधिमाथिको दमन त्यस वर्षको अगष्टमा "Appeasing China: Restricting the Rights of Tibetans in Nepal" (चीनलाई खुसी पार्नका लागि नेपालमा तिब्बतीहरूको अधिकारको कटौती) शीर्षक ह्युमन राइट्स वाचको प्रतिवेदनको विषय बन्यो।

यो प्रतिवेदनले नेपालस्थित तिब्बतीहरूको पाँच वर्ष पछिको अवस्थाको विश्लेषण गरेको छ। २००८ यता नेपालमा र नेपाल-चीन सीमामा तिब्बतीहरूका अधिकारप्रति धेरै कडाइ गर्न थालिएको छ। नेपालले तिब्बतीहरूका लागि केही आधारभूत संरक्षणको व्यवस्था गरे पनि उनीहरूको भेला हुने र विचार व्यक्त गर्ने अधिकारलाई कटौती गरिएको छ। प्रदशर्नकारी वा विरोध कार्यक्रमको योजना बनाएको भन्ने लागेमा तिब्बतीहरूलाई जथाभावी गिरफ्तारी गर्न थालिएको छ । सरकारले तिब्बतीहरूलाई स्कूल भर्ना गर्न, रोजगारी खोज्न, बन्दव्यापार गर्न वा अन्य कामका लागि चाहिने कागजपत्र प्राप्त गर्नमा पनि जटीलता थपिदिएको छ।

राजनीतिक दमन खुल्लमखुल्ला भएको छ। मार्च २००९ मा एउटा चिनियाँ पत्रिकासितको अर्तर्वार्तामा (त्यसको अङ्ग्रेजी अनुवाद पहिलो पटक यही प्रतिवेदनमा प्रस्तुत गरिएको छ। हेर्नुहोस् अंग्रेजी संस्करणको परिशिष्ट २ ), नेपालका नायव प्रहरी महानिरीक्षक भरत बहादुर जीसीले नेपालले

तिब्बती राजनीतिक भाषणलाई कडारूपमा दमन गर्ने कुरा बताएका थिए। उनले बताए अनुसार त्यसो गर्ने आदेश उच्चतम तहबाट आएको थियो।

> "नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल तथा उपप्रधानमन्त्री र गृहमन्त्री बामदेव गौतमले नेपालमा हुने "तिब्बती स्वतन्त्रता" का सबै गतिविधिलाई निमिट्यान्न पार्ने आदेश दिए। प्रधानमन्त्री पुष्पकमल दाहालले नेपाल र चीनका बीचमा बलियो मैत्री सम्बन्ध भएका कारण नेपाल सरकारले यहाँको भूमिमा "तिब्बती स्वतन्त्रता" का कुनै पनि गतिविधि गर्ने छूट दिने छैन भने। उपप्रधानमन्त्री तथा गृहमन्त्री बामदेव गौतमले मलाई व्यक्तिगतरूपमा नै फोन गरेर कुनै पनि मूल्यमा, कुनै हिच्किचाहट र दया नराखी "तिब्बती स्वतन्त्रता" का गतिविधिहरूलाई दमन गर्ने आदेश दिनु भयो।"

सोही अन्तर्वार्तामा भरत बहादुर जीसीले नेपालको तीक्ष्णरूपमा बढेको तिब्बतीहरूको निगरानीका बारेमा गर्व गरे र २००८ को तिब्बत विद्रोह पछि 'तिब्बती स्वतन्त्रता' लाई दमन गर्नु नै मेरो प्रमुख काम हो" भन्ने स्पष्ट पारे।

**नेपालमा चिनियाँ दवाव**

नेपालका तिब्बतीहरूलाई आफ्ना अधिकारका मागबाट पछि हटाउन र उनीहरूका राजनीतिक गतिविधिहरूलाई दबाउनका लागि चीनले नेपाललाई दवाव दिनु आश्चर्यको कुरा होइन। बेइजिङले जहिले पनि चीनमा रहेका तिब्बती समुदाय जाग्ने असन्तुष्टिका जगाउनमा चौँधौँ दलाई लामा र

निर्वासनमा वा विदेशमा रहेका तिब्बती हितका पक्षधरहरूको मूल भूमिका रहेको दावी गर्दै आएको छ। उसले चीनका तिब्बतीहरूमा हेर्न चाहने कम्युनिष्ट पार्टी र राज्यप्रतिको अविभाज्य निष्ठामा नकारात्मक प्रभाव पारेको पनि ठान्दै आएको छ। यिनै कारणहरूले गर्दा २००८ को आन्दोलन यता बेइजिङले विदेशी र सीमा वारपारका प्रभावहरूलाई सीमित गर्ने नीति अपनाउँदै आएको छ।

यी नीतिहरूमा तिब्बतीहरूलाई आफ्नो क्षेत्रबाट भाग्नबाट रोक्नका लागि तिब्बतका अन्तर्राष्ट्रिय सिमानाहरूलाई सैनिक उपस्थितिका साथ बन्द गर्नु पनि छ। २००८ को आन्दोलन अघि प्रतिवर्ष सरदर २,२०० का दरले सिमाना छिचोली रहेका तिब्बतीहरूको सङ्ख्या २००९ र २०१२ का बीचमा एक हजारभन्दा कम र २०१३ मा १७१ रह्यो। उपलब्ध प्रमाणहरूका अनुसार नेपालबाट अनियमित ढङ्गले सिमाना नाघ्न खोजेको अभियोगमा चिनियाँ अधिकारीहरूद्वारा पक्राउ गरिएका तिब्बतीहरूलाई चीनमा कारागारमा थुन्नु र यातना दिनु स्वाभाविक भएको छ।

चिनियाँ अधिकारीहरूले धेरै तिब्बतीहरूको पासपोर्ट जफत गरेको छ र अन्तर्राष्ट्रिय भ्रमणको पूर्वशर्तका रूपमा सबै तिब्बतीले यात्रा अघि र पछि प्रहरीलाई यात्रा विवरण बुझाउनु पर्ने व्यवस्था छ। उनीहरूले परिवारका सदस्य विदेशमा रहेका सबै तिब्बतीको विवरण-खाता राखेका छन्। हिजोआज तिब्बत भित्र रहेका तिब्बतीहरूले मुलुकभित्रै यात्रा गर्ने यात्रा अनुमतिपत्र हासिल गर्न अघि पनि निकै कडा जाँचबुझको सामना गर्नु पर्छ। हालका वर्षहरूमा तिब्बतीहरूलाई चीनको तिब्बत नीतिप्रति

आलोचनात्मक सूचनाहरू हासिल, वितरण वा उपयोग मात्र गरे बापत पनि पक्राउ र कैद सजाय हुने गरेको छ।

चिनियाँ सरकारले दूरसञ्चार, इन्टरनेट गतिविधि र एसएमएसको बढ्दो मात्रामा निरीक्षण र सेन्सर गरेको तथा विदेशबाट तिब्बती भाषामा हुने प्रशारणमा व्यवधान पुर्या एर तथा सेटेलाइट डिसहरू जफत गरेर अत्यत्न सीमित बनाएका ठोस प्रमाणहरू उपलब्ध छन्। छरछिमेकका मुलुकहरूमा रहेका तिब्बतीहरूलाई तिब्बत स्वशासित स्वायत्त क्षेत्र (टीएआर्) तथा उल्लेख्य तिब्बती जनसङ्ख्या भएका छरछिमेकका प्रान्तहरूमा सहयोग, अभिलेख वा विरोध कार्यक्रमलाई सहयोग गर्नबाट रोक्नका लागि पनि चिनियाँ अधिकारीहरूले प्रयत्न जारी राखेका छन्। तल विवरण दिइएजस्तै चीनले अनुमति बिना देश छाड्न खोज्ने तिब्बतीहरूलाई नियमितरूपले जेलमा राख्ने, यातना दिने वा दुर्व्यवहार गर्ने गरेको छ।

चिनियाँ सरकारका आधिकारिक प्रतिवेदन र नेपाली अधिकारीहरूका अनुभव अनुसार, चीनको मुख्य नीति अनुरूप नै चीनभित्र दलाई लामा र निर्वासनमा रहेको तिब्बती समुदायको चीनभित्र प्रभावलाई दवाउन तथा अन्तर्राष्ट्रिय दवावको सामना गर्न वा समाप्त पार्न बेइजिङले नेपालसित सम्बन्धित तीनवटा प्राथमिक उद्देश्यहरू राखेको छः

1. शरण खोज्न वा आप्रवासनका लागि गोप्यरूपमा सिमाना पार गर्न खोज्ने तथा परिवारबाट भारतमा रहेका तिब्बती स्कूलहरूमा बालबालिका पठाउने क्रमलाई रोक्ने चिनियाँ प्रयत्नमा नेपालको प्रभावकारी सहकार्य सुनिश्चित गर्ने;

2. नेपालमा हुने तिब्बत समर्थक सबै राजनीतिक सङ्गठन लगायत दलाई लामा र निर्वासनमा रहेको सरकारका समर्थनमा हुने सबै प्रदर्शन र गतिविधिमा प्रभावकारी प्रतिवन्ध लगाउने;
3. नेपालका गुप्तचर तथा सुरक्षा निकायहरूलाई नेपालमा रहेको तिब्बती समुदायमा प्रवेश गरेर र तिनको अनुगमन गरेर त्यसको अध्यावधिक प्रतिवेदन चीनलाई उपलब्ध गराउनमा संलग्न गराउने।

बेइजिङलाई आफ्नो सोचाइ अनुसार सुरक्षा क्षेत्रलाई उल्लेखनीयरूपमा विस्तार गर्ने क्षमता र स्रोत नेपालसित छैन भन्ने कुरा सुरुमै थाहा भएको बुझिन्छ। दशकौँदेखि शान्तिपूर्वक बसिरहेको र मुलुकको पर्यटन तथा निर्यात अर्थतन्त्रमा महत्वपूर्ण योगदान गरिरहेको र संयुक्त राष्ट्रसंघ तथा कैयन् युरोपेली मुलुकका नेपालस्थित प्रतिनिधिहरूले निरन्तररूपमा हकहितको चासो राखेको समुदायका गतिविधिहरूलाई खुम्च्याउनमा नेपालको बलियो राष्ट्रिय अभिरूचि छैन भन्ने पनि उसले बुझेको थियो।

चीनले २००८ पछि नेपालसितको आर्थिक र कूटनीतिक सम्बन्धमा गरेको विस्तारको परिणामस्वरूप २०१२ जनवरीमा तात्कालीन प्रधानमन्त्री वेन जिआबाओ औपचारिक भ्रमणमा नेपाल आए र चीन नेपालमा सबभन्दा धेरै प्रत्यक्ष वैदशिक लगानी गर्ने देशहरू मध्येको एक भयो। यो विस्तार नेपाललाई आफ्ना राष्ट्रिय अभिरूचिहरू पुनरावलोकन गराउने उद्धेश्यले गरिएको थियो । यो रणनीति आंशिक रूपले भए पनि सफल भएको देखियो।

चिनियाँ अधिकारीहरूले केही तिब्बतीहरूलाई चीन फर्किनबाट अनौपचारिक रूपमा रोक लगाएको देखिन्छ। २०१३ यता २० जना भन्दा बढी चीन फर्किन चाहने वैध चिनियाँ कागजपत्र भएका तिब्बती नागरिकहरूलाई चीनमा पुनः प्रवेशको अनुमति नदिएर चिनियाँ अधिकारीहरूले नेपाली भूभागमा नै बस्न बाध्य बनाएका छन्। त्यसको कारण स्पष्ट छैन तर चीनले तिब्बतीहरूलाई गोप्यरूपमा धर्मशाला जानबाट हतोत्साहित गर्ने प्रयासमा त्यसो गरिएको जस्तो बुझिन्छ।

यताका केही वर्षहरूमा नेपालमा तिब्बती मुद्दाहरूलाई लिएर चिनियाँ अधिकारीहरू अझ आक्रामक भएका छन्। २००८ मा नेपालमा दलाई लामा र निर्वासनमा रहेको तिब्बती सरकारका मुख्य प्रतिनिधि कार्यालय तिब्बती कल्याण कार्यालयको दर्ताका विषयमा चिनियाँ राजदूतावासले सर्वोच्च अदालतको निर्णयलाई समेत प्रभावित गर्ने प्रयास गरेको थियो। त्यो प्रयास सफल भयो तर त्यही ठाउँमा अनौपचारिक कार्यालय भने सञ्चालनमा नै रहेको छ।

नेपाल र चीन बीच "एक अर्काका विरुद्ध गतिविधि गर्न आफ्नो भूभाग प्रयोग हुन नदिने" लामो समयदेखिको र कूटनीतिक वक्तव्यहरूमा दोहोरिइरहने सम्झौता छ। "एक चीन नीति" तथा तथा "चीन विरुद्ध गतिविधि गर्न आफ्नो भूभाग प्रयोग हुन नदिने" प्रतिको प्रतिबद्धता नेपाल र चीन बीचका प्रत्येक बैठकहरूमा दोहोरिन्छन्। यद्यपि नेपालसितको चीनको अपेक्षा बढेको छ। अहिले नेपाल "कुनै पनि शक्तिलाई आफ्नो भूभागमा 'चीन विरोधी' गतिविधि गर्न नदिने" तथा "चीन विरोधी गतिविधिलाई समाप्त पार्ने" प्रतिवद्धता व्यक्त गर्छ।

२००९ यता चीनको विदेश नीतिले बढ्दो रूपमा उसको "केन्द्रीय अभिरूचि" प्रतिको सम्मानको अपेक्षा गरेको छ। यो अस्पष्ट भए पनि यसले ताइवान, तिब्बत र सिनज्याङ भन्न खोजेको बुझिएको छ। जनवरी २०१२ मा चीनका प्रधानमन्त्री वेन जिआबाओको औपचारिक भ्रमणका क्रममा एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का नेता नेपालका प्रधानमन्त्री बाबुराम भट्टराईले भनेः

> नेपाल चीनको केन्द्रीय अभिरूचिलाई विशिष्ट महत्त्व दिन्छ, एक चीन नीतिलाई दृढतापूर्वक समर्थन गर्छ र ताइवान र तिब्बतलाई चीनका अविभाज्य अङ्ग मान्छ। नेपाल सरकारले आफ्नो भूभागमा कहिल्यै पनि चीन विरुद्ध गतिविधि हुन दिने छैन।

धेरैजसो चीनको दवाव बाहिर देखिँदैन। ह्यूमन राइट्स वाचसितको अन्तर्वार्ताका क्रममा नेपाल सरकारका एकजना पूर्व मुख्य सचिवले भने अनुसार, तर नेपाल ती मागहरू नकार्न सक्ने अवस्थामा छैन।

> चीनको दवाव चर्को हुन्छ र प्रायः नदेखिने हुन्छ। यस्ता दवावहरू बाहिर देखिँदैनन् तर हिजोआज त्यस्तो भइ रहेको छ। केही वर्ष यता एउटा तल्लो तहको चिनियाँले नेपालतिरका उच्च तहमा पहुँच बनाएको मैले देखेको छु। यो बिल्कुलै असमान हो। यो दवावको सामना गर्ने हामीसित कुनै क्षमता

छैन। यस विषयमा बोल्ने एकमात्र अन्तर्राष्ट्रिय शक्ति अमेरिका मात्र हो।

**भद्र सहमति**

नेपाल र शरणार्थीहरूका लागि राष्ट्रसंघीय उच्चायोग (यूएनएचसीआर) बीच तिब्बतबाट भारत जाने शरणार्थीहरूलाई "सुरक्षित मार्ग" को प्रत्याभूति दिने जेन्टलम्यान्स एग्रीमेट भएको थियो। सहमतिका अनुसार नेपाली निकायहरूबाट गिरफ्तार गरिएका तिब्बती शरणार्थीहरू धर्मशाला जाने यात्राको तयारीका लागि यूएनएचसीआरलाई हस्तान्तरण गरिन्छ। चीन भने तिब्बतबाट भागेका तिब्बतीहरूलाई "शरणार्थी" का रूपमा वर्गीकरण गर्न नै अस्वीकार गर्छ।

हामीले यो अनुसन्धान सुरु गर्दा धैरै जना शरणार्थी विशेषज्ञ र विश्लेषकहरूले नेपालमा रहेका सबै तिब्बतीहरूका लागि त्यो जेन्टलम्यान्स एग्रीमेटले काम गरिरहेको जस्तो आफूलाई लागेको बताए। नेपालको भित्री भागमा पक्राउ परेका तिब्बतीहरूका हकमा उक्त सहमतिले काम गरे तापनि सिमानाका छेउछाउमा पक्राउ परेकाहरूका लागि भने कम र मनलाग्दी हिसाबले मात्र काम गरेको छ।

हाम्रो अनुसन्धानले देखाए अनुसार सीमा प्रहरीले सिमानामा रोकिएका वा मानव बसोबास भएको क्षेत्रमा पुग्नु अघि रोकिएका तिब्बतीहरूलाई बलपूर्वक चीन फर्काउँछन्। नेपालको गृह मन्त्रालयका एकजना वरिष्ठ पूर्वकर्मचारीले ह्युमन राइट्स वाचलाई बताए अनुसार सिमानाका आसपास भेट्टिएका तिब्बतीहरू स्थानीय सीमा प्रहरीको तजबीजमा "वैध शरणार्थी" नठहरिएका खण्डमा या त रोकिन्छ वा फर्काइन्छ, यद्यपि त्यस्तो तजबीजका लागि

कुनै औपचारिक प्रकृया भने छैन। अध्यागमन विभागका एकजना वरिष्ठ अधिकारीले ह्युमन राइट्स वाचलाई बताए अनुसार उनले सीमा क्षेत्रमा काम गर्दा पनि त्यसरी तिब्बतीहरू फर्काइएका थिए। ह्युमन राइट्स वाचले अर्तर्वार्ता गरेका कोदारीबाट गुप्त ढङ्गले सिमाना काटेर आएका तिब्बतीहरूका अनुसार नेपाली प्रहरीबाट पक्राउ नखाई सुरक्षित ढङ्गले काठमाडौँ पुग्नु पर्छ नत्र उनीहरूलाई चीन नै फर्काइन्छ।

ह्युमन राइट्स वाच यी दावीहरूलाई पुष्टि वा खण्डन गर्न सक्दैन त्यसैले हामी यी कुरा सत्य हुन् र यसमा थप छानवीन हुनुपर्छ भन्ने विश्वास गर्छौं, किनभने कुनै पनि व्यक्तिलाई फर्काएर चीन पुर्‍याइए पछि यातना दिइनु र दुर्व्यवहार गरिनु हुन्न। नेपालले यूएनएचसीआरका कर्मचारीहरूलाई सिमानामा गएर परिस्थितिको प्रत्यक्ष निगरानी गर्नमा रोक लगाएको छ। २०१३ मा यूएनएचसीआरमा दर्ता हुने तिब्बतबाट आउने शरणार्थीहरूको सङख्यामा अपूर्व कमी आएर १७१ जनामा झर्‍यो। १९९१ र २००८ का बीच यो सङ्ख्या वार्षिक सरदर २२०० भन्दा बढी थियो।

व्यक्ति विशेष र बन्दब्यापारमा प्रहरी र प्रशासनको बढ्दो नियन्त्रणले तिब्बतीहरू खुद्रा भ्रष्टाचार र जथाभावी गरिने दण्ड जरिवानाबाट पीडित छन्। नेपाल सरकारले तिब्बतीहरूलाई चीनसितको सम्बन्धमा व्यवधानका दृष्टिले हेर्न थालेका कारण उनीहरूको शिक्षा, बसोबास, यातायात, रोजगारी तथा निजी र सरकारी सेवा (चालक अनुमति प्रमाणपत्रको नवीकरण, ब्याङ्क सेवा तथा अनेक किसिमका दर्ता सम्बन्धी प्रशासनिक सेवा) आदि अझ जटील भएका छन्। तिब्बतीहरूका अनुसार स्थानीय सञ्चार

माध्यमहरूले गरेको नकारात्मक चित्रणका कारण यो दृष्टिकोण नेपालीहरू बीच पनि बढ्दो मात्रामा फैलिइरहेको छ।

यद्यपि यस्ता विषयवस्तुहरू नयाँ होइनन् तर २००८ अघि तिनीहरू स्थानीय अधिकारी, खासगरी पचहत्तरै जिल्लाका प्रमुख सरकारी अधिकृत प्रमुख जिल्ला अधिकारीले लचिलो ढङ्गले समाधान गर्दथे। यस प्रतिवेदनका लागि अन्तर्वार्ता गरिएका तिब्बतीहरूले हामीलाई बताए अनुसार हिजोआज यस्ता सरकारी अधिकृतहरू पहिलेका तुलनामा तिब्बती समुदायका नेताहरूका अनुरोधमा विचार गर्न धेरै कम इच्छुक देखिन्छन्।

२००८ यता बढेको तिब्बती शरणार्थीहरूप्रतिको आफ्नो कठोर नीतिको औचित्य स्पष्ट पार्न नेपाली अधिकारीहरूले "भू-राजनीतिक संवेदनशीलता" तथा "एक चीन नीति" प्रतिको नेपाली प्रतिबद्धता तथा "नेपाली भूमिलाई चीन विरोधी गतिविधिका लागि प्रयोग" हुन नदिने आफ्नो कर्तव्यको कुरा गर्ने गरेका छन्।

यी नीतिहरूको कुनै कानूनी आधार छैन। नेपालको कानूनमा "चीन विरोधी गतिविधि" को अर्थ र महत्त्व छैन। तिब्बती राजनीतिक वक्तव्यहरूप्रति विशेषरूपले लक्षित कुनै पनि नीति वा अभ्यासहरू स्पष्टतः भेदभावयुक्त छन् र तिनले अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन गरेका छन्। नेपालले सबै गैरनागरिकहरूको शान्तिपूर्ण विरोधलाई प्रतिवन्ध लगाउँदा स्थापित अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको उल्लङ्घन हुन्छ। नेपाल सम्पूर्ण बासिन्दाको वाक् स्वतन्त्रता र भेला हुने अधिकारको प्रत्याभूति गर्न बाध्य छ। कुनै पनि बन्देज आन्तरिक कानूनमा लेखिएको हुनुपर्छ र त्यसले

राजनीतिक अभिव्यक्तिलाई अवरुद्ध गर्न पाँउदैन । कुनै विशेष गतिविधिलाई "चीन विरोधी" मान्ने कि नमान्ने भन्ने बारेमा चीनको दृष्टिकोणको अपनाउनु भनेको चीनको कुनै पनि आलोचना तथा तिब्बती पहिचानको प्रवर्धनलाई दमन गरिनुपर्छ भन्ने कुरा स्वीकार गर्नु बराबर हो।

नेपालमा रहेका तिब्बती समुदायप्रतिको बढ्दो निगरानी र निरीक्षणले उनीहरूप्रतिको भेदभावलाई बढाएको छ र उनीहरू राजनीतिक रूपले सक्रिय भए पनि वा नभए पनि प्रहरी र फौजदारी न्याय प्रणालीबाट दुर्व्यवहार हुन सक्ने असहाय अवस्थामा पुऱ्याएको छ। एउटा अग्रणी स्थानीय मानव अधिकारवादी गैससका सदस्यले ह्युमन राइट्स वाचलाई बताए, "तिब्बतीहरूप्रतिको व्यवहारले नेपालको समग्र न्याय प्रणालीमा खिया पारेको छ... यसले केही निश्चित तहका व्यक्तिहरू न्यायको संरक्षणबाट वञ्चित भएको सन्देश दिएको छ। अहिले वञ्चित हुनेहरू तिब्बती हुन् तर भोलि को? न्यायले कुनै अवपाद नराखी सबैलाई एकै किसिमको व्यवहार गर्नु पर्दछ।"

तिब्बत सम्बन्धी विषयवस्तुमा चीनको राजनीतिक संवेदनशीलतालाई ध्यानमा राख्ने सरकारको प्राथमिकताको प्रभाव नेपालको नागरिक समाज र सञ्चारमाध्यमहरूमा पनि परिरहेको छ। एउटा अग्रणी स्थानीय मानव अधिकारवादी गैससका कार्यकारी पदमा रहेका व्यक्तिले ह्युमन राइट्स वाचलाई बताए अनुसार तिब्बती विषयमा काम गर्नु "अरू मूलधारका विषयका तुलनामा अत्यन्त संवेदनशील र जोखिमयुक्त काम हो।" एउटा पत्रिकाका सम्पादकले स्वीकार गरे झैँ, मुख्य पत्रपत्रिकामा सेल्फ सेन्सरशीप भन्नाले तिब्बत र चीनको मानव अधिकार रिकर्ड जस्ता "विवादास्पद"

विषयलाई पाखा लगाउनु हो। तिब्बती समुदायको मानव अधिकारको स्थितिको निरन्तर निगरानी गरिरहेका मानव अधिकार सङ्गठन, नेपाल (ह्यूरोन) जस्ता संस्थाहरू निरन्तर दवावमा हुन्छन् र उनीहरूलाई देशप्रति बेइमानी गरेको आरोप लगाइन्छ।

धेरै तिब्बतीहरूका लागि नेपाल एउटा सुरक्षित ठाँउ हो। तिब्बतमा राजनीतिक सङ्कट गहिरिँदै जाँदा नेपाल सरकारको तिनलाई संरक्षण गर्ने नीति र अभ्यासहरू अझ जटील हुँदै जान्छन् र तिब्बतीहरूको स्वतन्त्र अभिव्यक्ति र अरू अधिकारहरूको हनन गर्नमा चिनियाँ सरकार छिमेकीहरूलाई दवाव दिनमा कति प्रभावकारी छ भन्ने कुराको सङ्केत देखिन्छ। यस प्रतिवेदनका परिणामले देखाए अनुसार चीनको प्रभाव एकदमै बढ्दै गएको छ र परिणामस्वरूप तिब्बतीहरू अझ असुरक्षित भएका छन्।

## मुख्य सुझावहरू

नेपाल सरकारका लागि

- सिमानामा रोकिएका वा नेपालमा थुनामा राखिएका लगायतका तिब्बतीहरूलाई उनीहरूको शरण खोज्ने अधिकार सुरक्षित हुने अवस्थामा बाहेक जबरजस्ती चीन फर्काउने काम अविलम्ब बन्द गर्ने।
- पीडितलाई पीडकको पँहुचमा पुर्याउन नपाउने अन्तर्राष्ट्रिय कानूनहरूको कडाइका साथ पालना गर्ने
- योग्यता पुगेका सबै तिब्बतीहरूलाई शरणार्थीको पहिचान प्रमाणपत्र (आरसी) तुरुन्त उपलब्ध गराउने।
- आवश्यकता अनुसार १९८९ पछि भागेर नेपाल आएका तर शरणका लागि भारत जान नसक्ने वा नचाहने तिब्बतीहरूलाई शरणार्थीको पहिचान प्रमाणपत्र उपलब्ध गराउने।
- नवीकरणका प्रावधानहरूलाई सरल बनाई योग्यता पुगेका तिब्बती तथा तिनका आश्रित (पतिपत्नी वा बालबच्चा) का लागि शरणार्थीको पहिचान प्रमाणपत्र जारी गराउने।
- नेपालमा बस्ने तिब्बती लगायत, जुनसुकै कानूनी हैसियत भएका सबै व्यक्तिको अभिव्यक्ति तथा भेला हुने स्वतन्त्रताको संरक्षण गर्ने र तिब्बतीहरूका शान्तिपूर्ण प्रदर्शनहरूलाई दमन गर्ने काम अन्त्य गर्ने।
- तिब्बती बासिन्दाहरूको सम्पत्ति, काम, व्यापार व्यवसाय, संस्थापना आदिमा लगाइएको नियन्त्रण हटाई उनीहरूलाई स्वतन्त्रतापूर्वक यात्रा गर्ने अधिकार प्रदान गर्ने।

चीन सरकारका लागि

- उपयुक्त कागजपत्र बिना सिमाना पार गर्ने वा सिमाना पार गर्ने प्रयास गरेकोमा पक्राउ परेका तिब्बतीहरूलाई यातना दिने तथा अन्य दुर्व्यवहार गर्ने काम तुरुन्त बन्द गर्ने
- देश छाड्न चाहने तिब्बती तथा विदेशी नागरिकहरूलाई कागजपत्र उपलब्ध गराई उनीहरूमाथिका नियन्त्रणहरू समाप्त पार्ने
- चिनियाँ नागरिक रहेका सबै तिब्बतीहरूलाई पुनप्रवेश गर्न स्वीकृति दिने

नेपाल सरकार तथा नीति निर्माण र कार्यान्वयनमा संलग्न सरकारी कर्मचारीलाई अन्तर्राष्ट्रिय मानव अधिकार तथा शरणार्थी सम्बन्धी अधिकारको बर्खिलाफ हुनेगरी दवाव दिन बन्द गर्ने।